# तिला गाउँपालिकाको आर्थिक ऐन ,२०८१

तिला गाउँपालिका,जुम्ला
कर्णाली प्रदेश,नेपाल

प्रस्तावाना:

तिला गाउँपालिका आर्थिक वर्ष २०८१।०८२को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम तिला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम आर्थिक ऐन, २०८१ रहने छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि तिला गाउँ क्षेत्रमा लागू हुने छ ।

२. सम्पत्ति कर : गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाईने र असुल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गामा त्यस्तो जग्गाका उपभोगका आधारमा अनुसूची (२) बमोजिम भूमि कर लगाईने र असुल उपर गरिनेछ ।

४. घरजग्गा बहाल कर :गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल,ग्यारेज गोदाम, टहरा छप्पर,जग्गा पूरै वा आंशिक तवरले बहालमा दिईएकोमा त्यस्तो बहाल रकममा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिनेछ ।

५. व्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र व्यापार वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवार आधारमा अनुसूची (४) बमोजिम व्यवासाय कर लगाईने र असुल उपर गरिनेछ ।

६.जटिबुटी, कवाडी र जीवजन्तु कर :गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटोजटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड,सिंङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

७. सवारी साधन कर :गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईनेछ र उक्त कर सम्बन्धि प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवसाय ऐन, २०७५ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नु पर्नेछ ।

८.विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नु पर्नेछ ।

९.मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसायकर लगाईने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नु पर्नेछ ।

१०.बहाल विटौरी कर : गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण , रेखदेख वा संचालन गरेका हाट वजार , पसल वा सरकारी जग्गामा अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

११. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२.ट्रेकिङ ,कोयाकिङ , क्यानोई बन्जी जम्पिङ,जिपफ्लायर र यहिफ्याटीङ शुल्क : गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ ,कोयाकिङ , क्यानोई बन्जी जम्पिङ,जिपफ्लायर र यहिफ्याटीङ वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११)बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

गोरीकला बुढा
उपाध्यक्ष

मोतिलाल रोकाया
तिला गा.पा. अध्यक्ष

१३.सेवा शुल्क , दस्तुर : गाउँपालिकाले निर्माण संचालन वा व्यवसाय गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूची व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

१४. पर्यटन प्रबेश शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान,पार्क, चिडियाखाना, ऐतिहासिक तथा पूरातात्विक सम्पदा, संग्राहालय जस्ता सम्पदा उपयोग गरेवापत पर्यटकहरुबाट अनुसूची १३मा उललेखित दरमा पर्यटक प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५.कर छुट : ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरलाई कुनै पनि पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर छुट तथा शुल्क सकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कायविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १

(दफा २ सगँ सम्बन्धित)

(क) सम्पत्ति कर :-

| घरजग्गाको मूल्य | करको दर | कैफियत |
|---|---|---|
| माटोको घर | रु.१५०। | प्रत्येक बर्ष जारिवाना बाफत कुल रकमको ५प्रतशित रकम थप लाग्नेछ । (म्याद नाघेर आएमा) |
| सिमेन्ट जस्ताको छाना घर | रु.२५०। | |
| पक्की सिमेन्ट ढलान घर | रु४००। | |

अनुसूची-२

(दफा ३ सगँ सम्बन्धित)

भुमि कर (मालपोत)

| सि न | विवरण | प्रकार | वर्गमिटर | प्रति वर्गमिटर | करको दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाखो | पाखो | ५०९ | १ | रु ०।०१४ | प्रत्येक बर्ष जारिवाना बाफत कुल रकमको ५प्रतशित रकम थप लाग्नेछ । (म्याद नाघेर आएमा) |
| २ | खेत | खेत | ५०९ | १ | रु ०।०१६ | |
| ३ | कर्णाली राजमार्ग जोडिएको जग्गा | खेत पाखो | ५०९ | १ | रु ०।०१९ | |

अनुसूची-३

(दफा ४ सगँ सम्बन्धित)

घर बहाल कर

| सि.नं. | शिर्षक | बजार क्षेत्र वडा नं. १,२ | ग्रामिण क्षेत्र वडा नं. | कैफियत |
|---|---|---|---|---|

गौरीकला बुढा
उपाध्यक्ष

| | | र ३ | १,२,३,४,५,६,७,८र९ | |
|---|---|---|---|---|
| १ | घरधनी र भाडावालाको सम्झौता रकमको | १० प्रतिशत | १० प्रतिशत | |
| २. | सार्वजनिक स्थलमा बनाएको टहरामा व्यवसायको प्रकृति हेरी मासिक प्रति कोठा | रु १०००। देखि १५०० सम्म | | |

अनुसूची-४
(दफा ५ सगँ सम्बन्धित)

व्यवसाय कर :

१.१ चुरोट, रक्सी थोक तथा खुद्रा व्यापार

| बजार क्षेत्र वडा नं. १,२ र ३ | | | ग्रामिण क्षेत्र वडा नं. १,२,३,४,५,६,७,८र९ | | |
|---|---|---|---|---|---|
| वर्ग | कर | पुंजी | वर्ग | कर | पुंजी |
| | ३००। | १०००००।सम्म | | २०० | १०००००।सम्म |
| | १,२००/ | ३,००,०००/सम्म | | ७५०। | ३,००,०००/सम्म |
| | १६००/ | १०,००,०००/सम्म | | ९५०/ | १०,००,०००/सम्म |
| | २२००/ | १०,००,०००/ भन्दा माथि | | १०००/ | १०,००,०००/ भन्दा माथि |
| | २७००। | १ करोड सम्म | | | |
| | ३२००। | १ करोड भन्दा माथि | | | |
| | | | | | |

१.२ निर्माण सामाग्रीको थोक तथा खुद्रा व्यापार

| खुद्रा व्यापार | थोक व्यापार |
|---|---|
| १५००/ | २,५००/ |

१.३ कम्प्यूटर, विद्युतीय सामान, क्यामरा, टेलिभिजन, रेडियो,कार्पेट, पेट्रोलियम पदार्थ जस्ता बस्तुको थोक तथा खुद्रा व्यापार

| खुद्रा व्यापार | थोक व्यापार |
|---|---|
| १,०००/ | १,५००/ |

१.४ दैनिक उपभोगका खाद्य पदार्थ थोक तथा खुद्रा व्यापार

| बजार क्षेत्र वडा नं. १,२ र ३ | | | ग्रामिण क्षेत्र वडा नं. १,२,३,४,५,६,७,८र९ | | |
|---|---|---|---|---|---|
| वर्ग | कर | पुंजी | वर्ग | कर | पुंजी |
| | १५०। | १०००००।सम्म | | ५० | १०००००।सम्म |
| | २५०/ | ३,००,०००/सम्म | | १००/ | ३,००,०००/सम्म |
| | ३५०/ | १०,००,०००/सम्म | | २०० / | १०,००,०००/सम्म |

मोतिलाल ... तिला गा.पा. अध्यक्ष
गोरीकला बुढा
उपाध्यक्ष

| | ५००/ | १०,००,०००/ भन्दा माथि | | ३००/ | १०,००,०००/ भन्दा माथि |
|---|---|---|---|---|---|

२. निर्माण व्यवसाय :

गाउँपालिका स्थित निर्माण व्यवसायिक दर्ता तथा नविकरण

| वर्ग | नयाँ दर्ता | नविकरण |
|---|---|---|
| घ | ५०००/ | २५००/सम्म |
| नमसारी र ठाउँसारी | २५०० | २५०० |

३.मिति २०८१।०४।०१ देखि पौष मसान्तसम्म नविकरण रु. २५००। सो मिति २०८१ माघ १ गतेबाट २०८२ असार मसान्त सम्म रु.५०००।

४. कृषि तथा वनजन्य उद्योग :

मुलत कुषि वा वन पैदावरमा आधारित

| वर्ग | कर | पुंजी |
|---|---|---|
| क | १,५००/ | १०,००,०००/सम्म |
| ख | ३,०००/ | १०,००,०००/भन्दा माथि |

५. साना होटेल रेष्टुरेण्ड, चिया नास्ता पसल

| वर्ग | कर | पुंजी |
|---|---|---|
| क | १००/ | ३,००,०००/सम्म |
| ख | ५००/ | १०,००,०००/सम्म |
| ग | १०००/ | १०,००,०००/ भन्दा माथि |

६. वित्तिय सेवा :

| सि.नं. | व्यवसाय | कर |
|---|---|---|
| १ | नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कोरोवार गर्ने वाणिज्य बैंक, | ५०००/ |
| २ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५०००/ |
| ३ | वित्तिय कम्पनी शाखा कार्यालय | १०००/ |
| ४ | वीमा कम्पनी | ५०००/ |
| ५ | विदेशी मुद्रा सटही | १०००/ |
| ६ | धितोपत्र कारोवार | १०००/ |
| ७ | सहकारी बैंक | १०००/ |

०७. स्वास्थ्य सेवा :

| सि.नं. | व्यवसाय | कर |
|---|---|---|

मोतिलाल रोकाया
तिला गा.पा. अध्यक्ष

शशिकला बुढा
उपाध्यक्ष

| | | |
|---|---|---|
| १ | गा पा भित्र संचालित मेडिकल हल ल्याप क्लिनिकि शुल्क | १०००/ |

८. मर्मत संभार सेवा :

| सि.नं. | व्यवसाय | कर |
|---|---|---|
| १ | क) साईकल, रिक्सा | १००/ |
| | ख) मोटर साईकल, टेम्पो, कार | १०००/ |
| | ग) वस, ट्रक, ह्यावि सवारी साधन | २०००/ |
| २ | रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामग्री मर्मत केन्द्र | ५००/ |

९. अन्य सेवा :

| सि.नं. | व्यवसाय | कर |
|---|---|---|
| १ | बैदेशिक रोजगार सेवा | १०००/ |
| २ | स्वदेशि रोजगार सेवा | ३६०/ |
| ३ | सेक्रेटेरियल सेवा | ५००/ |
| ४ | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद विक्री (रियल स्टेट) | ५०० |
| ५ | व्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | ३६० |
| ६ | साईनवोर्ड वनाउने पेन्टिङ्ग सेवा | ३६० |
| ७ | पशु वधशाला | ५०० |
| ८ | मासु विक्रेता | ५०० |
| ९ | फुल र विरुवा विक्रेता | ३६० |
| १० | पुल हाउस | ३६० |
| ११ | सिसा, प्लाइउड विक्रेता | ५०० |
| १२ | भाँडाकुँडा विक्रेता | ५०० |
| १३ | स्टिल, काठ, फर्निचर बिक्रेता | ५०० |
| १४ | खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ५०० |
| १५ | केबुल, नेटवर्किङ (ग्राहक संख्याको आधारमा) | २०००/ |

१०. अस्थायी हाट वजार घुम्ती पसल :

यस अनुसुचिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी अस्थायी हाट बजारमा वा घुम्ती पसल राखि गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय वमोजिम व्यवसाय कर :

१) घुम्ती (मोवाईल) पसल, खुद्रा समेतमा दुई रुपैयाँ देखि पच्चीस रुपैयाँ सम्म ।

२) चौपाय प्रति गोटा दुई रुपैयाँ देखि पच्चीस रुपैयाँ सम्म ।

३) हाँस कुखुरा आदि प्रति गोटा एक रुपैयाँ देखि पाँच रुपैयाँ सम्म ।

४) साँग सव्जी र फलफुल पसल एक रुपैयाँ देखि तीन रुपैयाँ सम्म ।

५) अन्य एक रुपैयाँ देखि पाँच रुपैयाँ सम्म ।

११ माथिको वर्गिकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु १००। देखि ५०००। रुपैयाँ सम्म कर ।

(६)

अनुसूचि ५

चन्द्रकला बुढा
उपाध्यक्ष

मोतिलाल रोकाया
तिला गा.पा. अध्यक्ष

(दफा ६ सगँ सम्बन्धित)

१२ं जडिबुटि, कवाडी र जिवजन्तु कर

| सि.नं. | विवरण | इकाइ | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गुच्ची च्याउ | प्रति के.जि. | ५०० | |
| २ | चिराइतो | प्रति के.जि. | १० | |
| ३ | बोजो | प्रति के.जि. | ३ | |
| ४ | चुक आक्चे पदमचाल | प्रति के.जि. | ३ | |
| ५ | अतिस | प्रति के.जि. | १० | |
| ६ | विष जरा | प्रति के.जि. | ६ | |
| ७ | सुगन्धवाल | प्रति के.जि. | ६ | |
| ८ | तारे चुक, डाले चुक | प्रति के.जि. | ३ | |
| ९ | जटामसि जरा | प्रति के.जि. | १० | |
| १० | कुट्की | प्रति के.जि. | १० | |
| ११ | सिलाजित | प्रति के.जि. | १२ | |
| १२ | काला दाना | प्रति के.जि. | ३ | |
| १३ | कुरिलो | प्रति के.जि. | ६ | |
| १४ | यार्सागुम्वा | प्रति के.जि. | ५००० | |
| १५ | लौड सल्ला | प्रति के.जि. | ५ | |
| १६ | सतुवा | प्रति के.जि. | १० | |
| १७ | पाखनभेद | प्रति के.जि. | ३ | |
| १८ | सेतो चिनि | प्रति के.जि. | ५ | |
| १९ | धुपिपातको तेल | प्रति के.जि. | २००० | |
| २० | साधरण च्याउ | प्रति के.जि. | १०० | |
| २१ | बन लसुन | प्रति के.जि. | १५०० | |
| २२ | नयाँ इजाजत पत्र | पटक | ५००० | |
| २३ | इजाजत पत्र नविकरण (६ महिना अघि) | पटक | २५०० | |
| २४ | इजाजत पत्र नविकरण (६ महिना पछि) | पटक | ५००० | |
| २५ | संघ संस्था नविकरण (६ महिना अघि) | पटक | १५०० | |
| २६ | संघ संस्था नविकरण (६ महिना पछि) | पटक | ३५०० | |
| २७ | उपभोक्ता समितिको र अन्य फर्मको सूचिकृत | पटक | १००० | |
| २८ | खानी दर्ता | पटक | ५००० | |
| २९ | निजि वन दर्ता शुल्क | पटक | ५००० | |
| ३० | मुहान दर्ता | प्रति पटक | २००० | |
| ३१ | धुपी | प्रति केजी | ३ | |
| ३२ | खिरलो | प्रति केजी | १० | |
| ३३ | देवारतेल | प्रति केजी | ५ | |
| ३४ | जटामसी | प्रति केजी | १० | |
| ३५ | कवाडी सामानको शुल्क | प्रति केजी | ०.५० | |
| ३६ | स्याउँ / सिमी/ आलु र अन्य फलफुल | प्रति केजी | १.०० | |

१३.तिला गाउँपालिका वडा नं. १,२ र ३क्षेत्रबाट निकासी गर्ने ढुवानी सवारी यातायात कर :

| क.स. | विवरण | प्रति पटक |
|---|---|---|

गौरीकला बुढा
उपाध्यक्ष

मोतिलाल रोकाया
अध्यक्ष
तिला गा.पा.

| | | ढुंगा | बालुवा | गिट्टि | माटो |
|---|---|---|---|---|---|
| | प्रति ट्रिप ट्रयाक्टरबाट | २०० | २५० | २०० | १०० |
| | प्रति ट्रिप ट्रकवाट | ४००। | ४००। | ४००। | २००। |
| | प्रति ट्रिप सानो ट्रयाक्टर भ्यान | | | | |

अनुसूचि ९
(दफा १० सगँ सम्बन्धित)

१४.वहालविटौरी शुल्क
सार्वजनिक स्थलमा वनाएको टहरा बहाल कर व्यवसायको प्रकृति हेरी रु.४०० देखि १०००। सम्म शुल्क लिने ।

अनुसूचि १२
(दफा १३ सगँ सम्बन्धित)

१५.सेवा शुल्क :

| सि.नं. | शिर्षक | बजार क्षेत्र वडा नं. १,२,३, | ग्रामिण क्षेत्र वडा नं. १,२,३,४,५,६,७,८र९ | कैफियत |
|---|---|---|---|---|
| १ | घर र बाटा कायम सिफारिस | रु. ५०० | रु.१०० | |
| २ | नक्सा पास किताब | रु. ५०० | रु. ५०० | |
| ३ | नक्सा पास प्रति वर्ग फिट | ५ | ३ | |
| ४ | काठको पुर्जि सिफारिस प्रति १ क्यू फिटको | रु.५ | रु. २। | |
| ५ | खानेपानी र विद्युत सिफारिस | रु. ५०० | रु.१०० | |
| ६ | योजना सम्झौता सिफारिस | जम्मा रकमको | ०.०८ प्रतिशत | |
| | योजना सम्पन्न सिफारिस | १०० | १०० | |
| ७ | व्यक्तिगत सिफारिस | | १००। | |
| ८ | संस्थागत सिफरिस | | २००। | |
| ९ | नागरिकता सिफरिस | | १५०। | |
| १० | नागरिकता प्रतिलिपी सिफारिस | | १००। | |
| ११ | नाता प्रमाणित सिफारिस | | २००। | |
| १२ | जग्गा नामसारी सिफारिस | | २००। | |
| १३ | घरकायम सिफारिस | | १००। | |
| १४ | छात्रवृति सिफारिस | | १५०। | |
| १५ | अस्थायी स्थायी बसोवास सिफारिस | | १००। | |
| १६ | विद्युत जडान सिफारिस | | २००। | |
| १७ | धारा जडान सिफारिस | | २००। | |
| १८ | चार किल्ला प्रमाणित | | २०० | |

शशीकला बुढा
उपाध्यक्ष

मोतिलाल रकाया
तिला गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १९ | जगगा दर्ता सिफारिस | | २०० | |
| २० | उद्योग ठाउँ सारी सिफारिस | | ५०० | |
| २१ | व्यवसाय दर्ता तथा सिफारिस | | ५०० | |
| २२ | सरकारको नाममा बाटो कायम | | ५०० | |
| २३ | हलभाडा गा पा आन्तरिक र अन्य संघ सस्था कार्यालयको लागि | | १००० प्रति दिन | |
| २४ | स्रस्था दर्ता र संस्थालाई नविकरण अनुभव सिफारिस | | १५००। | |
| २५ | घरेलु उद्योग दर्ता सिफारिस | | ५०० | |

१६.घटना दर्ता ( दण्ड जरिवाना)

| विवरण | ३५ दिन नाघेको | प्रतिलिपी |
|---|---|---|
| जन्म दर्ता | रु २०० | रु ५०० |
| विवाह दर्ता | रु.२०० | रु ५०० |
| मृत्यु दर्ता | रु.२०० | रु ५०० |
| वसाई सराई दर्ता | रु.१००० | रु ५०० |
| सम्बन्ध बिच्छेद | रु २०० | रु ५०० |

अनुसूचि १३
(दफा १४ सगँ सम्बन्धित)

१७.पर्यटन शुल्क

पर्यटन, आवास, मोटेल, ठुला होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाईडिङ, व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अब्वारोहण आदि उद्योग व्यवसाय

| वर्ग | कर | पुंजी |
|---|---|---|
| क | १,०००/ | ३,००,०००/सम्म |
| ख | २,०००/ | १०,००,०००/सम्म |
| ग | ३,०००/ | १०,००,०००/ भन्दा माथि |

गोरीकला बुढा
उपाध्यक्ष

मोतिलाल रोकाया
तिला गा.पा. अध्यक्ष